सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक ९ संवत २०८० साल फाल्गुन ०२ गते https://sarumaranimun.gov.np

## Unicef नेपालका प्रमुख सरुमारानी गाउँपालिकामा




मिति २०८०।१०।१६ गते सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा, Unicef नेपालका प्रमुख मोहमद ईरफान साईडको प्रमुख आतिथ्यतामा, Unicef नेपालका बरिष्ठ एडभाईजर श्री डण्डिराम विश्वकर्माको बिशेष आतिथ्यतामा, NARMIN का वास म्यानेजार श्री ईन्दीरा अधिकारी ,प्रदेश वास अफिसर श्री राकेश मल्लिक,वास अफिसर श्री रविन गौतमको आतिथ्यतामा,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरूको उपस्थितिमा र प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठकको स्वागतमा "Water Sanitation & Hygiene" Efforts & Achievements of Sarumarani Rural Municipality सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । खानेपानी ,सरसफाइ तथा स्वच्छता शुसानको सन्दर्भमा सरूमारानीले हाल सम्म गरेको र अब गर्नु पर्ने नीतिगत, संस्थागत र कार्यक्रमगत बिषयको संक्षिप्त प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकले प्रस्तुत गर्नु भएको थियो ।



# कानुन तर्जुमा सम्वन्धी अभिमुखीकरण सम्पन्न




सरूमारानी गाउँपालिका प्युठानको आयोजनामा गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा, लुम्बिनी प्रदेश गृह मन्त्रालयका उप सचिव श्री खिमानन्द ज्ञवाली र लुम्बिनी प्रदेश सभाका उप सचिव श्री ईश्वरी प्रसाद आचार्यको आतिथ्यतामा, गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरू,वडा सदस्यहरू र शाखा प्रमुखहरूको सहभागीतामा, प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकको स्वागतमा र प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्यको संचालनमा कानुन तर्जुमा सम्वन्धी अभिमुखीकरण कार्यक्रम मिति सम्पन्न भएको छ । लुम्बिनी प्रदेश गृहमन्त्रालयका उप सचिव श्री खिमानन्द ज्ञवाली र प्रदेस सभाका उप सचिव श्री ईश्वरीप्रसाद आचार्यले स्थानीय तहको कानुन निर्माणका आधार ,विचार गर्नुपर्ने बिषयहरू र सरूमारानीको कानुन तर्जुमा सम्बन्धी कार्यक्रमको अभिमुखीकरणमा सहजिकरण गर्नु भएको थियो । साथै सरूमारानीको मौजुदा कानुनको अवस्था अध्ययन र पुनरावलोकन गरि केही महत्त्वपूर्ण सुझाव दिनु भएको छ । साथै यसै अवसरमा लुम्बिनी प्रदेशको तर्फबाट सरूमारानी गाउँपालिकालाई कानुन संग्रहको बुक प्रदान गर्नु भएको थियो भने सरूमारानी गाउँपालिकाको तर्फबाट गापा अध्यक्ष ज्युले उप सचिव द्वयलाई मायाको चिनो प्रदान तथा सम्मान प्रकट गर्नुभएको थियो।














# कर्मचारी बैठक सम्पन्न तथा उत्कृष्ट कर्मचारीहरुलाई सम्मान

सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव, स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले बैठकमा दोस्रो त्रैमासिक सम्मको एकमुष्ट प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।साथै दोस्रो त्रैमासिक (कार्तिक ,मंसिर र पौष महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री शिव राज न्यौपाने , सरुमारानी गाउँपालिका रोजगार शाखामा कार्यरत सब ईन्जिनियर रेशम जि.सी. र गाउँपालिका अन्तर्गत रहेको बुढिचौर आधारभूत स्वास्थ्य सेवा केन्द्र अ.हे.व पदमा कार्यरत ताल बहादुर पुन मगरलाई दोस्रो त्रैमासिक (कार्तिक, मंसिर र पौष ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ ।









# प्राधानध्यापक बैठक सम्पन्न

मिति २०८०।१०।२९ गते बसेको प्रधानाध्यापक बैठकमा भएका छलफलहरुः

- हाल सम्म विद्यालयमा भए गरेका गतिविधि,
- ReAL plan अन्तर्गत सुधारात्मक सिकाइका लागि विद्यालय समय भित्र र अगाडि,पछाडि अतिरिक्त कक्षा सन्चालन भएका,
- SEE दिने धेरै जसो विद्यालयले आवासीय कक्षा सञ्चालन गरेका,
- शैक्षिक गुणस्तर सुधारका लागि प्रयास भैरहेको
- ReAL plan को अन्तिम परीक्षा चैत १ र २ गते लिने
- शैक्षिक सत्र २०८० को अन्तिम/वार्षिक परीक्षा कक्षा ८ को समेत चैत ४ गतेदेखि १० गतेसम्म सञ्चालन हुने लगाएतमा विषयमा छलफल भएको छ भने विगत लामो समय देखि सरस्वती मा.वि.बाङ्गेसालमा प्रधानाध्यापकको भूमिकामा रही २०८० साल मंसिर ०८ गते निवृत्त हुनुभएका निर्मल शर्माज्यूको निवृत्त जीवन सुखद, रचनात्मक बनोस भन्दै कार्यालयको तर्फबाट र प्रधानाध्यापकको, परीक्षा समितिले विदाई तथा सम्मान गरेको छ ।







# गाउँकार्यपालिकाको ३२ औं बैठक सम्पन्न

सरूमारानी गाउँपालिका गाउँ कार्यपालिकाको ३२औं बैठक मिति २०८०/१०/२५ गते गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपशिल अनुसारका प्रस्तावहरू माथि छलफल गरि सर्ब सम्मत रूपमा पारित गरी बैठक सम्पन्न भएको छ। पारित गरिएका मुख्य प्रस्तावहरू तपशिल बमोजिम रहेका छन् ।

१)गत बैठक को समीक्षा सम्बन्धमा ।

२) मुख्य मन्त्री नवप्रबर्द्धन साझेदारी कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा साथै यस कार्यक्रममा लोपउन्मुख रैथाने वाली फापर,कोदो र झिलिङ्गे वालीलाई समावेश गरिने भएकोछ ।

३) सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण सम्वन्धमा ।यस भित्र विपन्न ,महिला,दलित र बेरोजगार युवाहरू पर्ने छन भने आधारभुत कम्प्युटर तालिम पनि संचालन हुने भएको छ ।

४) बालमैत्री पुर्बाधार योजना छनौट गर्ने सम्बन्धमा जसमा वडा नं.१,२ र३ भित्रका बाल विकास पुर्बाधार निर्माण तथा मर्मतका लागि छनौटमा परेका छन भने वडा नं.६ भिगृखोला स्थित ऐश्वर्या राष्ट्रिय नेपाल प्रथामिक विद्यालयलाई वालमैत्री प्रविधि हस्तान्तरण गरिने भएको छ ।

५) आधारभूत तह स्तरिय परीक्षा समिति पुनःगठन गरिएको सम्बन्धमा ।

६) सडक गुरु योजना पुनःनिर्माण गर्ने निर्णय सम्बन्धमा ।


७) बाल बिवाह रोकथाम लागिका बालबालिका डकुमेन्ट्री प्रदर्शन गर्न सृष्टि फाउन्डेसनलाई दिने निर्णय गरिएको सम्बन्धमा ।


८) विविध सम्वन्धमा ।



## गाउँपालिकाबाट भएका प्रशासनिक गतिविधिहरु:

- आ.व २०७९।०८० को गाउँपालिकाको स्थानीय तह संस्थागत स्वमूल्यांङ्कनको नतिजा तथा आ.व २०७९।०८० वित्तिय शुसासन जोखिम मूल्यांकनको प्रारम्भिक नतिजा तयार पारि जिल्ला समन्वय समितिमा पठाईएको र तहाँ बाट प्राप्त नितजा सार्वजनिक गर्ने काम सम्पन्न भएको छ ।जस मध्य स्थानीय तह संस्थागत स्वमूल्यांङ्कनमा ७९ % र वित्तिय शुसासन जोखिम मूल्यांकनमा ७८ % प्राप्ताङ्क प्राप्त गरेको छ ।
- लुम्बिनी प्रदेश गृहमन्त्रालयका उप सचिव श्री खिमानन्द ज्ञवाली र प्रदेस सभाका उप सचिव श्री ईश्वरीप्रसाद आचार्य ज्यूहरुको सहजिकरणमा सरुमारानी गाउँपालिकामा कानून निर्माण तथा तर्जुमा सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको छ ।




| क्र.स. | प्रदेश | जिल्ला | नगरपालिका/ गाउँपालिका | जम्मा प्राप्तङ्क | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | राजस्व व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | लुम्बिनी प्रदेश | प्युठान | सरुमारानी गाउँपालिका | ७८ | १९ | २१.५ | १४ | ११.५ | १२ |

सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

## प्रकाशकः

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**